## निम्न स्थानहरू मध्ये एकमा गएर व्यक्तिगत सहायता प्राप्त गर्नुहोस्:

Dartmouth Hitchcock Medical Center
बिरामीको वित्तिय सेवा/Main Mall
One Medical Center Drive
Lebanon, NH 03756

Dartmouth-Hitchcock Clinics Concord
वित्तीय परामर्शदाता
253 Pleasant Street
Concord, NH 03301

Dartmouth Hitchcock Clinics Manchester
वित्तीय परामर्शदाता
100 Hitchcock Way
Manchester, NH 03104

Dartmouth Hitchcock Clinics Nashua
Financial Counselor
2300 Southwood Drive
Nashua, NH 03063

Alice Peck Day Memorial Hospital
दर्ता/वित्तीय परामर्शदाता
10 Alice Peck Day Drive
Lebanon, NH 03766

Cheshire Medical Center
रेजिस्ट्रेशन/Cashiers Main Lobby
580 Court Street
Keene, NH 03431

माउन्ट असकट्नी अस्पताल तथा स्वास्थ्य केन्द्र
(Mt. Ascutney Hospital and Health Center)
वितीय सल्लाहकार
298 ग्रामीण सडक
Windsor, VT 05089

New London Hospital
वित्तीय परामर्शदाता/Reception
273 County Road
New London, NH 03257

## हाम्रा बिरामी अधिवाचक (एडभोकेट) हरूमध्ये एक जनालाई निम्नमा फोन गर्नुहोस्:

(844) 647-6436

## कृपया पूरा गरिएको आवेदन निम्न ठेगानामा पठाउनुहोस् :

Dartmouth-Hitchcock Medical Center
ध्यान दिनुहोस्: PFS -स्तर 3 – FAA
One Medical Center Drive
Lebanon, NH 03756-0001

Cheshire Medical Center
ध्यान दिनुहोस्: PFS - FAA
580 Court Street
Keene, NH 03431

माउन्ट असकट्नी अस्पताल तथा स्वास्थ्य केन्द्र
(Mt. Ascutney Hospital and Health Center)
Attn: वित्तीय सल्लाहकार
298 County Road
Windsor, VT 05089

New London Hospital
Attn: वित्तीय परामर्शदाता
273 County Road
New London, NH 03257

Dartmouth Health

dartmouth-hitchcock.org/patients-visitors/financial-assistance

202205-82

Dartmouth Health

# वित्तीय सहायता नीति



# के तपाईंलाई Dartmouth Health सुविधामा आकस्मिक वा चिकित्सकीय रूपमा आवश्यक हेरचाहका लागि आफ्नो बिल भुक्तान सहयोग चाहिन्छ?

## तपाईं आर्थिक सहयोगका लागि योग्य हुन पनि सक्नुहुन्छ।

Dartmouth Health ले आपतकालिन वा योग्य बिरामीहरूलाई उपलब्ध गराइने अन्य चिकित्सकीय रूपमा आवश्यक सेवाहरूका लागि निःशुल्क वा छुटको परोपकारी सेवा प्रदान गर्दछ। आर्थिक सहयोगका लागि योग्य ठहरिएका बिरामीहरूलाई आकस्मिक वा अन्य चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि सामान्यतया बीमाले कभर गरेका (ओगटेका) बिरामीहरूलाई एउटै स्याहारका लागि बिजक गरिए सरहको शुल्क भन्दा बढी शुल्क वा चार्ज नगरिन सक्छ ।

## आर्थिक नीति

Dartmouth Health ले व्यक्तिहरूलाई आकस्मिक चिकित्सा परिस्थिति र चिकित्सकीय रूपमा आवश्यक सेवाहरूका लागि उनीहरूको तिर्ने क्षमता, आर्थिक वा सरकारी सहयोग पाउने स्थिति, उमेर, लिङ्ग, जाति, आप्रवास स्थिति, यौनिक झुकाव वा धार्मिक आस्था जे जस्तो भए पनि स्याहार उपलब्ध गराउँछ। हामी निम्न व्यक्तिहरूलाई आर्थिक सहायता उपलब्ध गराउछौं (i) न्यु हयाम्पसायर वा भरमोन्टका वासिन्दाहरू हुन् वा उक्त क्षेत्रमा हुँदा आकस्मिक चिकित्साको परिस्थिति आइपरेका गैर-वासिन्दा हुन्; जसको बीमा छैन वा जसलाई स्वास्थ्य बीमा हुँदा पनि कटौतीहरू, सहभुक्तानीहरू र सह-बीमाजस्ता गोजी बाहिरका खर्च बेहोर्नका लागि आर्थिक सहयोग आवश्यक हुन्छ; जो कुनै पनि सरकारी स्वास्थ्य स्याहार लाभ कार्यक्रमका लागि अयोग्य छन्; र जसले हाम्रो आर्थिक सहयोग नीतिमा व्याख्या गरिएका आर्थिक योग्यता मापदण्डहरू पूरा गर्छन्। स्थानीय अवस्था वा बहिष्करण हाम्रो आर्थिक सहयोग नीतिमा थप व्याख्या गरिएको रूपमा लागू गर्न सकिन्छ। बिरामीहरूलाई

आर्थिक सहयोग प्राप्त गर्ने वा भुक्तानीका अन्य स्रोतहरू पहुँच गर्नका लागि प्रक्रियाहरूमा सहयोग गर्ने र क्षमता अनुसार आफ्नो स्याहार सुसारको खर्च योगदान गर्ने अपेक्षा गरिन्छ। आफ्नो समग्र स्वास्थ्यका लागि लाभदायी हुनुका साथै आफ्ना व्यक्तिगत सम्पत्तिहरूमा सुरक्षा दिन स्वास्थ्यस्याहारमा पहुँच सुनिश्चित गर्नका लागि स्वास्थ्य बीमा खरीद गर्न सक्ने व्यक्तिहरूले, त्यस्तै गर्ने अपेक्षा गरिन्छ।

## वित्तीय सहायताको लागि कसरी र कहिले आवेदन दिने?

तपाईंले आफ्नो स्याहार हुँदै गर्दाको कुनै पनि समयमा वा त्यसपछिको (रकम) सङ्कलन चक्रको अवधिमा मा आवेदन गर्न सक्नुहुन्छ। तथापि, हामी आवेदनहरू एपोइन्टमेन्ट (भेटवार्ताको समय) अघि नै पूरा गर्न प्रोत्साहित गर्दछौं। बिरामीका अधिवाचकहरूले तपाईंलाई बीमा कभरेज वा अन्य स्रोत पहिचान गरी आवेदन गर्न वा आर्थिक सहयोगका लागि आवेदन पूरा गर्न सहयोग गर्न सक्छन्। अन्य सबै कभरेजका विकल्पहरू सकिएको अवस्थामा पनि यदि तपाईं माथि बक्यौता रह्यो भने , तपाईं आर्थिक सहयोगका लागि योग्य हुन सक्नुहुन्छ। व्यक्तिगत रूपमा, टेलिफोनमार्फत आवेदन अनुरोध गर्न सकिन्छः dartmouth-hitchcock.org/patients-visitors/financial-assistance।

## छूट दर

यदि तपाईं आर्थिक सहयोगका लागि योग्य हुनुहुन्न भने, तपाईं हाम्रो नीति अनुसार अबीमित छूट वा अन्य छूटहरूका लागि अझैपनि योग्य हुन सक्नुहुन्छ। यो अबीमित छूट बिरामीलाई बिजक गर्नु अगावै वा कुनै आर्थिक सहयोग समायोजनका लागि आवेदन गर्नु अगावै लागू गरिन्छ। यो छूट आन्तरिक राजस्व कोड को खण्ड ५०१(आर) लागू गर्ने लागूयोग्य नियमनहरू अन्तर्गत "सम्भावी मेडिकेयर" विधिमा आधारित छ। सुविधाअनुसार छूटका दरहरू भिन्न हुन सक्छन्।

## वित्तीय सहायता कसरी निर्धारण गरिन्छ?

तपाईंले प्राप्त गर्ने आर्थिक सहयोगको मात्रा संघीय गरिबी मार्गदर्शन अनुसार तपाईंको जम्मा कुल आय र सम्पत्तिहरूमा आधारित हुन्छ। तपाईं योग्य हुन सक्नुहुन्छ यदि : तपाईंको परिवारको आम्दानी 300% वा सोभन्दा कम संघीय सीमाभित्र छ; संयुक्त स्वास्थ्य तथा मानव सेवा विभागद्वारा जारी गरिएको छ र वार्षिक आधारमा अद्यावधिक गरिएको छ वा तपाईंले आफ्नो आम्दानी, तरल सम्पत्ति र अन्य उपलब्ध स्रोतहरूले तपाईंको स्याहारको शुल्कलाई समेट्दैन भन्ने लागेमा। तपाईंको अनुरोधमा एउटा आर्थिक आवेदन फाराम वा आर्थिक सहयोग नीतिको एक प्रति तपाईंलाई निःशुल्क प्रेषित गरिनेछ। साथै, यी कागजातहरू र यो सारांश हाम्रो वेबसाइटकोdartmouth-hitchcock.org/ patients-visitors/financial-assistance मा उपलब्ध छ।

*यी दस्तावेजहरू निम्न भाषाहरूमा पनि उपलब्ध छन् : स्पेनिश, फ्रान्सेली, पोर्चुगाली, चिनियाँ, ग्रीक, भियतनामी, नेपाली, अरबी, रुसी, बोस्नियाली, कोरियाली, लाओ, सोमाली, स्वाहिली र थाई।*